माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाहाचोक, कास्की
गण्डकी प्रदेश, नेपाल

दोश्रो पटक प्रकाशित मिति २०८३।०७।१३ गते

नदीजन्य सामाग्री ढुङ्गा, गिट्टी, बालुवा, रोडा (दहत्तर बहत्तर) आदिको बिक्री शुल्क ठेक्कामा लगाउने बारे सिलबन्दी हार्डकपी बोलपत्र आह्वानको सूचना ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को खण्ड घ (६) तथा सोही ऐनको दफा ६२ क, गण्डकी प्रदेश आर्थिक ऐन २०८३ को दफा ९ तथा सो ऐन सँग सम्बन्धित अनुसूची ०८ को अधीनमा रही यस माछापुच्छ्रे गाउँपालिका अधिकार क्षेत्र अन्तर्गत पर्ने नदीजन्य पदार्थ ढुङ्गा, बालुवा, गिट्टी, रोडाको आय संकलन ठेक्काको माध्यमबाट गर्नुपर्ने भएकोले ठेक्का गर्नका लागि योग्य फर्म वा कम्पनीले यस कार्यालयको नाममा प्रभु बैक लिमिटेड माछापुच्छ्रे शाखामा रहेको खाता नं १४००१०९२२३४०००६९ मा तोकिएको रकम बुझाई यस कार्यालयबाट मिति २०८३/०७/१९ गते कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गरी तपसिलमा उल्लिखित कागजातहरू संलग्न राखि बोलपत्र तथा मु.अ.कर र अग्रिम आयकर सहितको कूल कबोल रकम को पाँच प्रतिशतले हुन आउने रकम धरौटी स्वरूप यस कार्यालयको नाममा रहेको प्रभु बैक लिमिटेड माछापुच्छ्रे शाखामा रहेको खाता नं १४००१०९२२३४०००४८ मा जम्मा गरेको सक्कल बैक भौचर वा कम्तीमा १२० दिन म्याद भएको वाणिज्य बैकले यस कार्यालयको नाममा जारी गरेको बैक जमानत (बिड बण्ड) संलग्न राखी यस कार्यालयमा मिति २०८३/०७/२० गते दिउसो १२ बजे भित्र सिलबन्दी हार्डकपी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। साथै तोकिएको समय भित्र दर्ता भएका बोलपत्रहरू मिति २०८३।०७।२० गते दिउसो १ बजे माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय लाहाचोकमा खोलिने छ। दर्ता भएका बोलपत्रहरू बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ, बोलपत्र खोल्दा बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न बाधा पर्ने छैन।

क.सं.	घाटको नाम	IFB No.	न्यूनतम रकम कर बाहेक रु	बोलपत्र दस्तुर रु
१	समिबगर-दोविल्ला-नयाँपुल घाट	MRM/NCB/REVENUE/083-84/02(Re-01)	७०,१२,३१२।३४	३०००।००
२	बडहरेनाक-सानाखोर घाट	MRM/NCB/REVENUE/083-84/03(Re-01)	११,३२,९४०।७८	३०००।००

आवश्यक कागजातहरू

- फर्म दर्ताको प्रमाणित प्रतिलिपि
- ठेक्काको कार्य गर्न जारी नवीकरण भएको इजाजत पत्रको प्रमाणित प्रतिलिपि
- मु.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- आर्थिक वर्ष २०८२/८३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आर्थिक वर्ष २०८२/८३ को म्याद थप
- अखितयारनामाको प्रमाणित प्रतिलिपि (Power of Attorney)
- आफ्नो फर्म कालो सुचीमा नपरेको स्वः घोषणा

प्रमुख प्रशासकीय अधिकृत
केशव सुवेदी
प्रमुख प्रशासकीय अधिकृत